कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- क.प्र. २०८३/८४
चलानी नं. (Dispatch No.) :

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१२

यस कटारी नगरपालिकामा तपसिलका कर्मचारीहरु सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्रमा आफ्नो विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

| सि.नं. | विज्ञापन नं. | पद/तह | माग संख्या | परीक्षा दस्तुर | परीक्षाको मिति | परीक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | क.प्र. ०१-२०८३/०८४ | कृषि स्नातक, अधिकृतस्तर छैटौं | १ (एक) | १००० | पछि तोकिनेछ | लिखित र मौखिक | |
| २ | क.प्र. ०२-२०८३/०८४ | वित्तीय साक्षरता सहजकर्ता, सहायकस्तर पाँचौं | १ (एक) | ५०० | | | |
| ३ | क.प्र. ०३-२०८३/०८४ | ल्याब असिष्टेन्ट, सहायकस्तर चौथौं | १ (एक) | ४०० | | | |

## १. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

### क) कृषि स्नातक (अधिकृतस्तर छैटौं)

- मान्यता प्राप्त शिक्षण विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तिर्ण वा सो सरहको समकक्षता प्राप्त गरेको।

### ख) वित्तीय साक्षरता सहजकर्ता (सहायकस्तर पाँचौं)

- कम्तिमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तिर्ण गरेको।
- वित्तीय साक्षरता वा प्रौढ शिक्षा वा वयस्क साक्षरता अध्यापनको क्षेत्रमा २ वर्षको अनुभव भएको।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, Email/Internet आदि भएको), नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।
- वैदेशिक रोजगारीमा गई फर्किएका व्यक्तिलाई प्राथमिकता तथा वित्तीय साक्षरता सम्बन्धी अनुभव, सामाजिक सशक्तीकरणमा सहजीकरण गरेको व्यक्तिलाई प्राथमिकता।
- आवश्यक अन्य योग्यता सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१ को अनुसूची-४ बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या (Ref. No):- क.प्र. २०८३/८४
चलानी नं. (Dispatch No.) :

ग) ल्याब असिष्टेन्ट (सहायकस्तर चौथौं)

- मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिष्टेन्ट सम्बन्धी कोर्ष उत्तीर्ण भई सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्नेछ।

२. उमेर हदः दरखास्त बुझाउने अन्तिम मितिसम्म अधिकृतस्तरको हकमा २१ वर्ष अन्यको हकमा १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको।

३. दरखास्त दिने स्थानः कटारी नगरपालिकाको कार्यालय कटारी,उदयपुर।

४. दरखास्त दिने अन्तिम मितिः २०८३/०४/२६ गतेसम्म कार्यालय समय भित्र।

५. दरखास्त फारम पाइने स्थानः कटारी नगरपालिकाको कार्यालय, नागरिक सहायता कक्ष।

६. आवेदन तथा संलग्न कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव र तालिम भए सो कागजातको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो, पदसँग सम्बन्धित आवश्यक अन्य कागजात।

७. सेवा सुविधा : नियमानुसार।

८. प्रचलित कानुनद्वारा अयोग्य नभएको।

राजन थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत